स्थानीय सरकार

घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक नं. १८६

आज मिति २०८२।१०।१२ गते सोमबार घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षमा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा नगरकार्यपालिकाको १८६औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थितिः

| क्र.सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | वडा अध्यक्ष | १ | |
| ४ | चित्र बहादुर चौधरी | वडा अध्यक्ष | २ | — |
| ५ | राम प्रसाद चौधरी | वडा अध्यक्ष | ३ | |
| ६ | मधु सुदन शर्मा | वडा अध्यक्ष | ४ | |
| ७ | विवेक बुढाथोकी | वडा अध्यक्ष | ५ | |
| ८ | विष्णुराम आचार्य | वडा अध्यक्ष | ६ | — |
| ९ | खोपिराम चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | चैतु कुमार चौधरी | वडा अध्यक्ष | ९ | |
| ११ | दिपक पाण्डे | वडा अध्यक्ष | १० | — |
| १२ | कुल बहादुर लामिछाने | वडा अध्यक्ष | ११ | |
| १३ | द्रोण बहादुर बहकरी | वडा अध्यक्ष | १२ | |
| १४ | डुल्लुराम पोखेल | वडा अध्यक्ष | १३ | |
| १५ | भान सिं बुढा | वडा अध्यक्ष | १४ | |
| १६ | रमेश कुमार पाण्डेय | वडा अध्यक्ष | १५ | — |
| १७ | तारा बहादुर डाँगी | वडा अध्यक्ष | १६ | — |
| १८ | राम लौटन चौधरी | वडा अध्यक्ष | १७ | |
| १९ | भरतमणि अर्याल | वडा अध्यक्ष | १८ | |
| २० | ज्ञान बहादुर रायमाझी | वडा अध्यक्ष | १९ | |
| २१ | लिलादेवी गोतामे कामी | का.पा. सदस्य | | |
| २२ | बसन्ता पोखेल | का.पा. सदस्य | | |
| २३ | शान्ता शेर्पाली | का.पा. सदस्य | | |
| २४ | श्रीमती पदमा चौधरी | का.पा. सदस्य | | |
| २५ | मिना बुढाथोकी | का.पा. सदस्य | | |
| २६ | पवित्रा विश्वकर्मा | का.पा. सदस्य | | — |
| २७ | कमला परियार | का.पा. सदस्य | | |
| २८ | मान बहादुर सुनार | का.पा. सदस्य | | |
| २९ | वासुदेव आचार्य | सचिव | | |

आमन्त्रित १) लोकमणी शर्मा, लेखा अधिकृत,

| | | | | |
|---|---|---|---|---|
| १ | श्रीमन पोखेल | बैठक व्यवस्थापक | | |

## नगरकार्यपालिका बैठक नं. १८६, मिति २०८२।१०।१२ गते सोमबार

### प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा।

२. निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा।

३. नगरस्थापना दिवस मनाउने सम्बन्धमा।

४. लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणा कार्यक्रम गर्ने सम्बन्धमा।

स्थानीय सरकार घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. १**

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

**निर्णय नं. २**

यस कार्यालयका सामान्य प्रशासन महाशाखा प्रमुख तथा उपसचिव वासुदेव आचार्यज्यूलाई कार्यालयको नियमित प्रशासनीक कार्य गर्न निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको ४८औं नगरस्थापना दिवस यही मिति २०८२।१०।१५ गते भव्यताकासाथ मनाउने निर्णय गरियो। यसको तयारीका लागि शाखागत रुपमा जिम्मेवारी दिन सामान्य प्रशासन शाखालाई जिम्मेवारी दिने साथै उक्त कार्यक्रममा सम्मानका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो।

**तपसिलः**

१. चिकित्सा शिक्षा आयोगबाट २०८२ साल संचालित मेडिकलतर्फको एम.बि.बि.एस. तर्फको छनौट परिक्षामा सहभागी भई पूर्ण छात्रवृत्ती कोटामा छनौट हुन सफल सामुदायिक विद्यालय, श्री सिद्ध रत्ननाथ मा.वि. नारायणपुर दाङबाट एस.ई.ई. उत्तीर्ण भएकी छात्रा श्री रोषणी घर्तीलाई सम्मान तथा प्रोत्साहन स्वरुप रु.१० हजार नगद र सम्मानपत्र सहित सम्मान गर्ने।

२. जेन जी आन्दोलनको क्रममा कार्यालयमा रहेका सवारी साधन क्षति हुनबाट जोगाउन महत्वपूर्ण योगदान दिनुहुने सवारी चालक श्री जिवलाल शर्मालाई सम्मान स्वरुप रु.१० हजार नगद सहित दोसल्ला र सम्मानपत्र दिने।

३. खेलकुदतर्फ नगर खेलकुद विकास समितिको सिफारिसको आधारमा खेल क्षेत्रमा विशेष योगदान दिनुहुने खेलाडीहरुलाई रु.१० हजार सहित दोसल्ला र सम्मानपत्र दिइ सम्मान गर्ने।

४. लैङ्गिक हिंसा नियन्त्रीत नगर घोषणाका लागि महत्वपूर्ण योगदान गरे वापत महिला तथा बालबालिका शाखालाई सम्मान गर्ने।

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ४

घोराही उपमहानगरपालिकालाई लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणाका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो।

४.१ लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा नेपालको संविधान २०७२,नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, घोराही उपमहानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ लैङ्गिक हिंसा नियन्त्रीत नगर घोषणा सम्बन्धी कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम घोराही उपमहानगरपालिकालाई लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणा गर्ने प्रक्रियामा सवै सुचकहरु पुरा भएको छ। उक्त सुचकका आधारमा जिल्ला समन्वय समितिको कार्यालय दाङको नेतृत्वमा सयुक्त अनुगमन गरि लुम्विनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा प्रतिवेदनका साथै र अनुमतीको प्रक्रियाको लागी पत्राचार भई सो पत्रका अधारमा लुम्विनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका(देउखुरी, नेपालवाट समेत स्थलगत तथा अभिलेख अनुगमन भई सकेकोले यही मिति २०८२ माघ १५ गते घोराही उपमहानगरपालिका स्थापना दिवसको अवसरमा घोराही उपमहानगरपालिकालाई लैङ्गिक हिंसा नियन्त्रीत नगर घोषणा गर्ने निर्णय गरीयो।

४.२ नगर घोषणा सम्बन्धी कार्यविधि २०८१ परिच्छे २ को ४ मा लैङ्गिक हिंसा नियन्त्रीत घोराही उपमहानगर घोषणाका प्रक्रिया र चरणहरुको २० नं मा लैङ्गिक हिंसा नियन्त्रीत घोषणाका लागि तोकिएको निकायवाट अनुमति प्रदान गर्ने उल्लेख भएकोमा तोकिएको निकाय भन्नाले लुम्विनी प्रदेश सरकार रहेको थप स्पष्ट गर्ने निर्णय गरीयो।

४.३ लैङ्गिक हिंसा नियन्त्रीत घोषणा कार्यक्रममा सम्मान, प्रसंश ,तथा कदर पत्र सम्वन्धमा लैङ्गिक हिंसा नियन्त्रीत घोषणाको अभियानमा सहयोग गर्ने व्यक्ति तथा संघ संस्थाहरुलाई सम्मान, प्रसंशा तथा कदर पत्रको लागि लैङ्गिक हिंसा निवारण नगर स्तरिय समितिले सिफारिस गरे अनुसार वितरण गर्ने निर्णय गरियो ।

नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत